कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- २०७८/०७९(प्र.प्र.अ.)

च.नं. :- २०३८

मितिः २०७९/०१/१३

श्री सबै शाखा/ उपशाखा,

श्री वडा कार्यालय (१ देखि १५) सबै,

कोहलपुर नगरपालिका, बाँके ।

अत्यन्त जरुरी

**विषयः योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस नगरपालिकाका विभिन्न शाखाहरु एवं वडाहरुमा विनियोजित बजेटको खर्च गर्ने अख्तियारी दिइएकोमा कतिपयले कानूनको पालना प्रक्रिया पुरा नगरी खर्च दायित्व सिर्जना गरी भूक्तानीका लागि पेश गर्ने गरेकोमा अब आयिन्दा देहाय बमोजिम गर्नुहुन निर्देशन गर्दछु । अन्यथा त्यस्तो खर्च रकम भुक्तानी नहुने समेत सूचित गर्दछु ।

१. वार्षिक बजेट, योजना तथा कार्यक्रममा समावेश योजना तथा कार्यक्रमहरुको मात्र अख्तियार प्राप्त अधिकारीले सार्बजनिक खरिद ऐन, नियमावली, आर्थिक कार्यबिधि लगायतका कानूनहरुको पूर्ण पालना गर्ने/गराउने गरी लिखित कागजात तयारी गरेर मात्र सम्झौता/ कार्यदिश दिने ।

२. बजेटमा समावेश नभएका, मौखिक आदेशमा कार्य भएका, बजेट शीर्षक नमिलेका वा परिवर्तन गर्नुपर्ने योजनाहरुको सिफारिस/ सम्झौता/ कार्यदिश नगर्ने । रकमान्तर वा कार्यक्रम संसोधन गर्नुपरे अग्रीम रुपमा कार्यपालिकामा पेश गर्ने । कुनै एउटा कार्यक्रम/ योजनाबाट बचत भएको रकमका हकमा रकमान्तर बाहेक अर्को योजनाको सम्झौता तथा खर्च नगर्ने नगराउने।

३. खरिदको विषय खरिद इकाई मार्फत र अन्य विषय नगरपालिकाको सम्बन्धित शाखासँग समन्वय गरेर मात्र गर्ने ।

४. आर्थिक वर्षको अन्त्य हुनै लागदा घाटा बजेटको कारणबाट स्वीकृत कार्यक्रमको समेत बजेट उपलब्ध हुन नसक्ने अवस्था भएकोले कार्यपालिकाको मिति २०७८/१०/१० को निर्णयानुसार २०७८ फाल्गुण मसान्तभित्र सम्झौता नभएका योजना स्वतः खारेज भएको हुँदा अब उप्रान्त कुनै योजना सम्झौता नगर्ने । अत्यावश्यक योजना भए लेखा शाखा र प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिएर मात्र गर्ने ।

५. यो परिपत्र र नियम विपरित भएको खर्च दायित्व सिर्जनाको कार्यालयले भुक्तानी गर्न बाध्य हुने छैन ।

०७९/१/१२

(टिकाराम ढकाल)

प्रमुख प्रशासकीय अधिकृत

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

वेब साइटः www.kohalpurmun.gov.np ई-मेलः- info@kohalpurmun.gov.np; kohalpurmun@gmail.com